जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक १६९ २०७८ साल माघ २० गते बिहीबार (3 Feb. 2022 Thursday) मूल्य रु. ५/-

बजारमा वस्तु तथा सेवाको मूल्य र गुणस्तरमा शंका लागेमा बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा सहायक प्रमुख जिल्ला अधिकारी वा स्थानीय तहका निरिक्षण अधिकृतलाई जानकारी गराऔं, स्वच्छ बजार सञ्चालनमा मद्दत पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : किसानलाई मल र ... ३ पृष्ठमा : अभै मासिक साढे चार ... ३ पृष्ठमा : दक्षिण सुडानमा पाँच राष्ट्रसंघीय...

# विद्यालयको राम्रै भवन भत्काएर सोही ठाउँमा अर्को भवन बनाइदै

## भवन निर्माण बारे कुनै जानकारी छैन् : गापा अध्यक्ष यादव




**दैनिक समाचारदाता**
**राजविराज, १९ माघ ।**

सप्तरीको महादेवा गाउँपालिका १ स्थित नर बहादुर थापा जनता माध्यमिक विद्यालय पकरी गोठ सोनराको राम्रै अवस्थामा रहेको दुई कोठे भवन भत्काई नयाँ भवन निर्माण भइरहेको छ ।

केही वर्ष अघि मात्र आर.आर.एन.को सहयोगमा ८ लाखको लागतमा निर्माण भएको उक्त दुई कोठे भवनलाई भत्काएर सोही ठाउँमा मधेस सरकारको ५० लाखको लागतमा नयाँ भवन निर्माण गर्न लागिएको हो ।

स्थानिय सरकारको क्षेत्राधिकार भित्र सरकारी तथा गैरसरकारी कुनै किसिमको निर्माण कार्य सार्वजनिक खरीद ऐन र नियमावलीको अधिन भित्र गर्नु पर्ने प्रावधानलाई बेवास्था गर्दै विद्यालयका प्रधानाध्यापक प्रदिपकुमार चौधरी र विद्यालय व्यवस्थापन समितिले अटेर गरेको स्थानियको आरोप छ ।

गाउँपालिकाका अध्यक्ष दिपक कुमार यादवसँग यस विषयमा बुझ्दा आफुलाई कुनै जानकारी नरहेको प्रतिक्रिया दिएका छन् । यस्तै गाउपालिकाका प्रमुख प्रशासकिय अधिकृत रामलखन यादवले पुरानो भवन भत्काएर नयाँ भवन निर्माण कार्य अगाडी बढाउँदा समेत गाउँपालिकालाई कुनै किसिमको जानकारी नभएको बताएका छन ।

विद्यालयको भवन भत्काउन सार्वजनिक खरीद ऐन र नियमावली विपरित प्रधानाध्यापक ,विद्यालय व्यवस्थापन समितिले जथाभावी मोनोपोली गरेको भन्दै स्थानिय विधानन्द यादव, विनोद यादव, अरुण यादव, शंकर सदा, प्रमेश्वर सदा, अरुण महतो, राधेश्याम यादव, पत्रकार देवराम यादव, राम गति यादव, रमेश यादव, छेदी यादव, विन्देश्वर यादव, अरुण यादव (पकरी), पंकज यादव, राम कुमार यादव, देवराम यादव, मोफिरयाद, मो ईस्माइल, श्रवण यादवलगायतका व्यक्तीहरु गापा अध्यक्ष दिपक कुमार यादव डेलिगेशन समेत गएका छन् ।

सोही डेलिगेशनकै क्रममा सव ईन्जिनियर रविन्द्र कुमार मण्डलले भत्काइएको उक्त भवन राम्रै अवस्थामा रहेकोले भवन भत्काउनुको कुनै औचित्य नरहेको जानकारी दिए ।

आर.आर.एन.को सहयोगमा निर्माण भएको दुई कोठे भवन राम्रो अवस्थामा रहेको र लामो समयसम्म पठन पाठन गर्न योग्य रहेको जनाउँदै स्थानीय केही व्यक्तिहरुले राजनीतिक आडमा सो भवन भत्काइ नया भवन निर्माण गर्न लागेको स्थानिय विद्यानन्द यादवले बताए ।

यति मात्र नभएर उपभोक्ता समितिका अध्यक्ष हरि नारायण यादव, विद्यालय ब्यवस्थापन समिति अध्यक्ष सन्तोष यादव, इन्द्रदेव यादव, जोगेन्द्र यादवलगायतले जथाभावी भवन भत्काउनुको साथै विभिन्न जातका रुख समेत कटान गरेको स्थानियहरुको भनाई छ ।

# कोरोना संक्रमणका कारण ज्यान गुमाउनेको संख्या पाँच पुग्यो

**दैनिक समाचारदाता**
**राजविराज, १९ माघ ।**

कोरोनाको तेश्रो लहरमा सप्तरी जिल्लामा संक्रमित भई ज्यान गुमाउनेको संख्या ५ पुगेको छ ।

पछिल्लो पटक कोरोना संक्रमण भई उपचारका लागि धरानस्थित विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको आइसोलेशन वाडमा भर्ना भएकी एक महिलाको उपचारकै क्रममा मृत्यु भएको छ ।

जिल्ला स्वास्थ्य कार्यालयका अनुसार तीन दिनअघि कोरोना संक्रमित भई स्वास्थ्यमा जटिल समस्या देखिएपछि सो अस्पतालमा रेफर गरिएकी सप्तरीको हनुमानर कंकालिनी नगरपालिका ७ की ७१ वर्षिया उर्तिदेवी मण्डलको उपचारकै क्रममा मंगलबार राती मृत्यु भएको छ ।

यसअघि कोरोनाकै कारण जिल्लाको रुपनी गाउँपालिकाकी ७५ वर्षिया धनमन्ती देवी यादव, सोही गाउँपालिकाकी ६५ वर्षिया चमेलीदेवी साह, राजविराज नगरपालिका १५ का सीताराम यादव र विष्णुपुर गाउँपालिकाका ६० वर्षिय रामरतन रामको पनि कोरोनाका कारण मृत्यु भइसकेको छ ।

# कोरोना निको हुनेको संख्या एक सय एक

**दैनिक समाचारदाता**
**राजविराज, १९ माघ ।**

स्थानिय गजेन्द्र नारायण सिंह अस्पतालको पिसिआर प्रयोगशालमा ८ जनाको स्वाव परिक्षण गर्दा चार जनामा कोरोना संक्रमण पुष्टि भएको छ । संक्रमित हुनेमा एक महिला र तीन पुरुष छन् ।

***बाँकी अन्तिम पृष्ठमा***




अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## आवश्यक्ता

उपरोक्त सम्बन्धमा यस संघको कार्यसमितिको मिति २०७८/१०/१४ गतेको निर्णयानुसार यस संघमा देहायमा उल्लेखित पदहरु अस्थायी पदपूर्ती गर्नु पर्ने भएकोले तपसिलमा उल्लेखित विवरणसहित तोकिएको समय भित्र आवेदन दिन यो विज्ञापन प्रकाशित गरिएको छ ।

**१. विज्ञापन नं. ०१/२०७८/७९ लेखा अधिकृत (पद १ (एक)**
शैक्षिक योग्यता १. बिबिए उत्तिर्ण र कम्प्युटर सम्बन्धी अनुभव (एक्सल, एमएस वर्ड, पावर प्वाइन्ट र टेली जानकारी भएको)
२. नेपाली नागरिक
३. उमेर २१ वर्ष पुरा भई ३० वर्ष ननाघेको हुनु पर्ने ।
४. नैतिक पतन देखिने फौजदारी अभियोग नलागेको हुनुपर्ने ।
५. अनुभवीलाई विशेष ग्राहयता दिइने छ ।

**२. विज्ञापन नं. ०२/२०७८/७९ लेखापाल (पद १ (एक)**
शैक्षिक योग्यता १. प्रमाणपत्र तह उत्तिर्ण (प्लस २ व्यवस्थापन) गरेको र कम्प्युटर सम्बन्धी अनुभव (एक्सल, एमएस वर्ड, पावर प्वाइन्ट र टेली जानकारी भएको)
२. नेपाली नागरिक
३. उमेर २१ वर्ष पुरा भई ३० वर्ष ननाघेको हुनु पर्ने ।
४. नैतिक पतन देखिने फौजदारी अभियोग नलागेको हुनुपर्ने ।
५. अनुभवीलाई विशेष ग्राहयता दिइने छ ।
६. महिलालाई ग्राहयता दिइने छ ।

**३. विज्ञापन नं. ०३/२०७८/७९ कार्यालय सहायक (पद २ (दुई)**
शैक्षिक योग्यता १. एसएलसी/एसइई उत्तिर्ण गरेको र कम्प्युटर सम्बन्धी अनुभव
२. नेपाली नागरिक
३. उमेर २१ वर्ष पुरा भई ३० वर्ष ननाघेको हुनु पर्ने ।
४. नैतिक पतन देखिने फौजदारी अभियोग नलागेको हुनुपर्ने ।
५. अनुभवीलाई विशेष ग्राहयता दिइने छ ।
६. महिलालाई ग्राहयता दिइने छ ।

४. आवेदन दस्तुर रु. १०००/- (रु. एक हजार मात्र)
५. आवेदन दिने स्थान र समय : सप्तरी उद्योग बाणिज्य संघ, राजविराजको सचिवालयमा, बिदा दिन बाहेक बिहान १०:०० बजेदेखी ५:०० बजेसम्म
६. आवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु
(क) शैक्षिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
(ख) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
(ग) अनुभव प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
(घ) पासपोर्ट साइजको फोटो २ (दुई) प्रति
(ङ अतिरिक्त शैक्षिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
(च) आवेदन दस्तुर बुझाएको एक प्रति रसिद
७. आवेदन फर्म रु. ५०/- तिरी संघको सचिवालयबाट प्राप्त गर्न सकिने छ ।
८. दरखास्त दिने अन्तिम मिति : २०७८/१०/२९ गते कार्यालय समय सम्म ।
९. सम्पर्क मिति : २०७८/११/०५ गते दिउँसो १२:०० बजेदेखी ५:०० बजेसम्म ।
१०. परिक्षाको किसिम : मौखिक, अन्तरवार्ता
११. अन्तरवार्ताको समय सम्पर्क मितिमा तोकिने छ ।
१२. तलब : आपसि सहमतिमा

**पदपूर्ती समिति**
**सप्तरी उद्योग बाणिज्य संघ, राजविराज**

## सम्पादकीय

# गुणस्तरिय सडक मर्मतको कामप्रति ध्यान जाओस्

सप्तरी जिल्लामा अहिले विकासीय कार्यहरुले तिब्रता पाएको छ । विभिन्न स्थानमा विकासीय कार्यहरु धमाधम भइरहेको छ । बाटो निर्माण, नाला निर्माण, सडक मरमत तथा अन्य भवन निर्माणका कार्यहरु भइरहेका छन् । विकास हुनु सकारात्मक हो तर, गुणस्तरहीन काम गरेर विकास गर्नु त्यो चाही नकारात्मक हो ।

यहाँ अहिले सडक मर्मत देखी नयाँ सडक निर्माणका कामहरु धमाधम भइरहेका छन् । यसै अन्तरगत रुपनी राजविराज सडक खण्डमा अहिले मर्मतको काम भइरहेको छ । तर, त्यो मर्मतको काम गुणस्तरहीन छ । एक दिन अगाडी सडक कालोपत्रे गरिएकोमा भोलीपल्टै उक्लिएको छ । कालोपत्रे पनि हतारहतारमा भइरहेको छ । तर सम्बन्धीत निकायको ध्यान पुग्न सकिरहेको छैन् । मात्र बजेट पचाउने कामलाई प्रोत्साहन गरिएको देखिन्छ । यस्तो कालोपत्रे वर्षाको समयमा कामै नलाग्ने हुन्छ । हल्का वर्षामै उक्लिएर जान्छ ।

यी कामको निगरानी गर्ने कुनै निकाय छैन् । ठेक्का मार्फत भइरहेको यस काममा कसैले वाधा उत्पन्न नगरे पनि ठेकेदारले मनोमानी ढंगले गुणस्तरहीन काम गरिरहेकोप्रति स्थानिय निकायले ध्यान पुऱ्याउनु पर्ने हो तर, त्यसो भएको देखिन्न् । तसर्थ सडक पुरानो भएपनि मर्मतको काम गुणस्तरीय गराउनु पर्नेमा सम्बन्धीत निकायले ध्यान पुऱ्याउनु पर्छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# किसानलाई मल र सिँचाइ खोइ ?

काठमाडौँ, १९ माघ (रासस) ।

नेपाललाई कृषि प्रधान देश भनिए पनि असली किसानको अझै कृषि अनुदान र मलखादमा पहुँच स्थापित हुन नसकेको गुनासो गरिएको छ ।

प्रतिनिधिसभा, कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका सदस्य देवप्रसाद तिमिल्सिनाले राज्य गम्भीर नभएकै कारण किसानले अनुदान, मल र सिँचाइको सुविधा पाउन नसकेको बताउनुभयो । समितिको बैठकमा उहाँले भन्नुभयो, "बर्सेनी बाली लगाउने मौसममा रासायनिक मल पाइन्न, सरकारले अनुदानको मल किसानलाई उपलब्ध गराउनुपर्‍यो, अनुदान गोबर सोहर्ने र हलो जोत्नेले होइन, कागज मिलाउनेले मात्र पाइरहेका छन्, यो के हो ।"

बैठकमा सदस्यहरूले समितिले दिएको सुझाव र निर्णय कार्यान्वयनमा ल्याए मात्रै पनि राहत पाउने थिए भन्दै समितिका निर्णय सरकारले 'हिँड्दैछ, पाइला मेट्दैछ' जस्तो गरेको भनी आक्रोश व्यक्त गर्नुभयो । समितिका सदस्य भूपेन्द्रबहादुर थापाले मध्यवर्ती क्षेत्रलाई व्यवस्थित तुल्याउन नसक्दा किसान जङ्गली जनावरबाट सधैँ भयभित हुनुपरेकाले सरकारले यस विषयलाई प्राथमिकतामा राखेर काम गरोस् भन्नुभयो । उहाँले भन्नुभयो, "उखु किसानले चिनी मिलबाट अघिल्ला वर्षमा बेचेको उखुको बक्यौता पैसा अझै पाएका छैनन्, पशुपक्षीलाई दाना र खेतीपातीका लागि रासायनिक मल पाइँदैन, यो विषयलाई राज्यले गम्भीर भएर हेर्नु पर्दैन ?"

सांसद राजबहादुर क्षेत्रीले किसानको हितका लागि समितिबाट भएका निर्देशनलाई सरकारले बेवास्ता गरेको भनी गम्भीर समीक्षाको माग गर्दै मध्यवर्ती क्षेत्रको बस्ती पनि नसार्ने, सुरक्षा पनि दिन नसकेपछि कसरी जनता जोगिन्छन् र निकास हुन्छ भनी प्रश्न गर्नुभयो ।

समितिका सदस्य घनश्याम खतिवडाले रासायनिक मल, कृषि अनुदानको अवस्था र कार्यान्वयनको स्थिति 'खुकुरीको चोट अचानोलाई मात्र थाहा हुन्छ' भनेजस्तो रहेको प्रतिक्रिया दिनुभयो । उहाँले भन्नुभयो, "राष्ट्रपति चुरे र वातावरण संरक्षणको विषय प्राकृतिक दोहनको असली नमूनाका रूपमा रहेको छ, पछिल्ला दिनमा संरक्षणभन्दा विनास गर्ने पक्ष नै बलियो हुँदै भएको आभाष भएको छ ।"

सांसद शक्तिबहादुर बस्नेतले बजेट कार्यान्वयनको अवस्थाबारे सरकारसँग जानकारी लिन सुझाव दिँदै वातावरण प्रभाव मूल्याङ्कन गर्ने कन्सल्टयान्सीले समयमा प्रतिवेदन नदिएकै कारण आयोजना सुरु गर्न बाधा पुगेको उल्लेख गर्दै त्यसमा सुधारको खाँचो औँल्याउनुभयो । समितिका सदस्य सत्यनारायण खनालले रासायनिक मलको उपलब्धता, गुणस्तर र सहजता गराउने दिशामा सरकारको विशेष कार्ययोजना र ध्यान जान जरुरी भएको टिप्पणी गर्नुभयो ।

# अस्पतालका कर्मचारी नै नक्कली पिसिआर धन्दामा संलग्न

काठमाडौँ, १९ माघ (रासस) ।

अस्पतालका कर्मचारी नै स्वाब बिनै नक्कली पिसिआर रिपोर्ट बनाउने अवैध कार्यमा संलग्न रहेको फेला परेको छ ।

महानगरीय अपराध महाशाखाका अनुसार भक्तपुरको मध्यपुरथिमीस्थित कौशलटारमा रहेको नागरिक कम्युनिटी टिचिङ हस्पिटल लिमिटेड र काठमाडौँको तीनकुनेमा रहेको कान्तिपुर अस्पताल प्रालिका कर्मचारी ठूलो रकम लिएर उक्त नकली धन्दामा लागेको पाइएको हो ।

उनीहरूले वैदेशिक रोजगारमा जाने व्यक्तिका लागि आवश्यक पर्ने पिसिआर रिपोर्ट नेपाल सरकारले तोकेको भन्दा अत्यधिक बढी रकम लिई स्वाबको नमूनाबिनै रिपोर्ट बनाइदिने गरेका पाइएको महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक वसन्तबहादुर कुँवरले बताउनुभयो ।

विशेष सूचनाको आधारमा मङ्गलबार नागरिक कम्युनिटी टिचिङ हस्पिटलका कर्मचारी परिचयपत्र धारी धनुषा घर भई ललितपुरको ग्वार्को बस्ने रोशनकुमार छिट्टानलाई ८ थान नक्कली पिसिआर परीक्षण रिपोर्टसहित पक्राउ गरिएको महाशाखाले जनाएको छ । प्रहरीले भक्तपुरको कौशलटारबाट उक्त अस्पताल पुग्दा सर्लाही घर भई सोही ठाउँ बस्ने ल्याब म्यानेजर प्रसन्नकुमार झालाई पनि नियन्त्रणमा लिइएको छ ।

यस्तै काठमाडौँ तीनकुनेमा रहेको कान्तिपुर अस्पताल प्रालिका कर्मचारी धनुषा घर भई काठमाडौँको गौशाला बस्ने नागेन्द्रकुमार यादवलाई पनि १७ थान नक्कली पिसिआर रिपोर्टसहित नियन्त्रणमा लिइएको र उनको बयानका आधारमा सोही ल्याबका कर्मचारी काभ्रेपलाञ्चोक घर भई सूर्यबिनायक बस्ने माधव मैनालीलाई समेत पक्राउ गरिएको छ ।

प्रहरीले राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुका प्रतिनिधिसमेतको रोहबारमा दुवै अस्पतालका ल्याबबाट नक्कली पिसिआर बनाउन प्रयोग भएका कम्प्युटरलगायतका उपकरण र पिसिआर टेस्ट दर्ता रजिष्टरसमेत नियन्त्रणमा लिएको छ । फरार रहेका दुवै ल्याबका सञ्चालक भावेश मिश्र र निर्मल गिरी तथा पिसिआर रिपोर्टमा दस्तखत गर्ने ल्याब चिकित्सकको खोजतलास कार्य भइरहेको महाशाखाले जनाइएको छ ।

दुवै अस्पतालका ल्याब सिल गरी अनुसन्धान भइरहेको छ । प्रहरीको अनुसन्धानमा उनीहरूले रिपोर्ट नै नेगेटिभ बनाउने गरेको र ल्याबमा कार्यरत भनिएका विशेषज्ञ चिकित्सकले रिपोर्ट नै नहेरी आफ्नो डिजिटल हस्ताक्षर प्रयोग गरी रिपोर्ट दिने गरेको पाइएको छ ।

पिसिआर पोजेटिभ देखिएका स्याम्पलको सिटी भ्यालु तलमाथि गरी नेगेटिभ रिपोर्ट दिने र पिसिआर रिपोर्टको मितिसमेत तलमाथि गर्ने गरेको खुल्न आएको छ । ती अस्पतालले बिचौलियालाई अस्पतालको कर्मचारी भनी परिचयपत्रसमेत बनाइ सामूहिक स्वाब सङ्कलन गर्न प्रयोग गर्ने गरेको तथ्यसमेत खुलेको महाशाखाले जनाएको छ । सम्बन्धित व्यक्तिको उपस्थिति र स्वाब बिनै बिचौलियाले आफैले आफ्नै स्वाब सङ्कलन गरी विभिन्न व्यक्तिका नाममा ल्याबमा दिने र ल्याबले सहजै पिसिआर रिपोर्ट उपलब्ध गराउने गरेको समेत पाइएको छ ।

बिचौलिया र ल्याबका कर्मचारी एवं व्यवस्थापनको मिलेमतोमा विदेश जाने व्यक्तिलाई पिसिआर रिपोर्ट नेगेटिभ बनाइदिएबापत रु १० हजारसम्म असुल गर्ने गरेको फेला परेको छ । उनीहरूले क्यूआर कोडबाट स्क्यान गरेर हेर्न मिल्ने गरी नै नक्कली रिपोर्ट बनाउने गरेको फेला परेको छ ।

# जग्गा खोज्न प्रदेश सरकारद्वारा मन्त्रीस्तरीय समिति गठन

जनकपुर, १९ माघ (रासस) ।

मधेश प्रदेश सरकारले आफ्नो स्थायी संरचना निर्माणका लागि जग्गा खोज्न मन्त्रीस्तरीय अध्ययन तथा व्यवस्थापन समिति गठन गरेको छ ।

प्रदेश सरकारको मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले प्रदेश सरकारका भौतिक पूर्वाधार विकासमन्त्री रामसरोज यादवको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरेको हो । समितिको सदस्यमा अर्थमन्त्री शैलेन्द्रप्रसाद साह, उद्योग, पर्यटन तथा वनमन्त्री शत्रुधन महतो, भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विजय यादव र आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरतप्रसाद साह रहनुभएको छ ।

भवनसहितका स्थायी भौतिक संरचना निर्माणका लागि जग्गा खोजीदेखि प्राविधिकसहित बजेट स्रोत व्यवस्थापनसम्मको कार्य समितिले गर्ने जिम्मेवारी पाएको प्रदेश सरकारका प्रवक्तासमेत रहनुभएका अर्थमन्त्री साहले जानकारी दिनुभयो । समितिले नै विभिन्न प्राविधिक र अर्थ विज्ञसहितका व्यक्तिलाई राखेर विज्ञ समितिसमेत गठन गर्ने मन्त्री साहले बताउनुभयो ।

प्रदेशको नामकरण र स्थायी राजधानी टुङ्गो लागेसँगै प्रदेश सरकारले राजधानी क्षेत्रभित्र आफ्नो प्रशासनिक भवन र प्रदेशसभा सचिवालय भवन निर्माणका लागि जग्गा खोजी गर्दै आएको छ । आफ्नो प्रशासनिक भवन नहुँदा प्रदेश सरकारले जनकपुर चुरोट कारखाना लिमिटेडको परिसरमा रहेको भवन मर्मतसम्भार गरी काम/कारबाही सञ्चालन गर्दै आएको छ भने प्रदेशसभा सचिवालयको कार्यालय शैक्षिक तालिम केन्द्रको भवन सञ्चालन भइरहेको छ ।

जनकपुर चुरोट कारखाना परिसरभित्र प्रदेश सरकार, प्रदेश प्रमुखको कार्यालय, सरकारका मन्त्रीको आवाससमेत रहेको जनकपुर चुरोट कारखाना परिसरको भवनलाई प्रदेश सरकारले नै 'मधेश भवन' नामकरण गरेको छ । प्रदेशसभा स्थापना भएको करिब चार वर्षपछि गत माघ ३ गते प्रदेशको नाम मधेश प्रदेश र राजधानी जनकपुरधाम पारित भएसँगै प्रदेश सरकारले आफ्नो भवन र प्रदेशसभा सचिवालयका लागि जग्गाको खोजी सुरु गरिरहेको आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरतप्रसाद साहले जानकारी दिनुभयो ।

प्रदेश सरकारको प्रशासनिक भवन, आवास भवन र मातहतका कार्यालयको स्थायी संरचना निर्माणका लागि जग्गाको खोजी गरी अध्ययन प्रतिवेदन तयार गर्न छिट्टै विज्ञ टोलीसमेत गठन गर्ने तयारी गरेको मन्त्री साहले बताउनुभयो । प्रदेश सरकारले प्रदेशको राजधानी सीमा क्षेत्रभित्रै जग्गाको खोजी गरिरहेको छ । यो बीचमा सरकारको प्रशासनिक भवन निर्माणका लागि जनकपुरधामस्थित प्रदेशसभा भवन अगाडि पोखरी छेउमा रहेको गुठीको जग्गा, कुवारामपुरमै एयरपोर्ट नजिकै दक्षिणमा रहेको जग्गा र मिथिला नगरपालिकाको ढल्केबर नजिकै करिब ५० बिघा सार्वजनिक जग्गा हेरिसकेको छ ।

"जनकपुरधाम राजधानीअन्तर्गत उत्तरमा पूर्वपश्चिम लोकमार्ग, पूर्वमा कमला नदी, पश्चिममा मिथिला मध्यमा परिक्रमा सडक र दक्षिणमा नेपाल भारत सीमा क्षेत्रसम्म पर्छ", सञ्चारमन्त्री साहले भन्नुभयो, "राजधानी सीमा क्षेत्रभित्र जग्गा खोजी गरिरहेका छौँ, करिब करिब धेरै ठाउँमा हामीले जग्गा हेरेका छौँ ।" ती जग्गामध्ये कुन ठाउँ उपयुक्त हुन्छ, ती कुराको सुझाव विज्ञ टोलीले दिन्छ, हामी त्यही आधारमा अगाडि बढ्छौँ ।"

# अझै मासिक साढे चार अर्ब घाटा, मूल्य कहिले कति ?

काठमाडौं, १९ माघ (रासस)। अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियमको मूल्य बढेको भन्दै नेपाल आयल निगमले मङ्गलबार मध्यरातदेखि लागू हुने गरी पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरेको छ। मूल्यवृद्धिसँगै नेपालमा डिजेल/मट्टितेल र पेट्रोलको मूल्य अहिलेसम्मकै उच्च भएको छ।

नेपालको पेट्रोलियम इतिहासमा २०७० सालमा डिजेल तथा पेट्रोलको मूल्यले उच्च विन्दु कायम गरेको थियो। २०७० साल फागुन ३० गते निगमले मूल्य समायोजन गर्दै पेट्रोलको बिक्री मूल्य प्रतिलिटर रु १४० र डिजेल/मट्टितेलको बिक्री मूल्य प्रतिलिटर रु १०९ तोकेको थियो।

निगमले गएरातिदेखि डिजेल/मट्टितेल र पेट्रोलमा प्रतिलिटर ३ रुपैयाँ वृद्धि गरेको छ। मूल्य बढेसँगै डिजेल/मट्टितेलको भाउ प्रतिलिटर रु १२५ र पेट्रोलका भाउ प्रतिलिटर १४२ पुगेको छ। यो अहिलेसम्मै उच्च हो। पेट्रोलियमको मूल्य बढ्नुमा अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य र अमेरिकी डलरको मूल्य बढ्नु प्रमुख कारण रहेको निगमका प्रवक्ता विनितमणि उपाध्यायको भनाइ छ।

अन्तर्राष्ट्रिय बजारमा बुधबार कच्चा तेलको मूल्य प्रतिब्यारेल ९० अमेरिकी डलर आसपास छ। त्यस्तै अमेरिकी डलरको सटही दर बढेर ११९ माथि पुगेको छ। आर्थिक वर्ष २०७०/७१ मा कच्चा तेलको मूल्य प्रतिब्यारेल १०५.५२ अमेरिकी डलर थियो। सोही वर्ष अमेरिकी डलरको सटही दर ८७.२८ रुपैयाँ थियो।

पछिल्ला १० वर्षमा पेट्रोलियमको मूल्यमा निकै उतारचढाव देखिएको छ। सो अवधिमा पेट्रोलको मूल्य प्रतिलिटर घटेर रु ९८ र डिजेल/मट्टितेलको मूल्य प्रतिलिटर रु ८८ सम्म झरेको थियो। २०७० फागुनमा प्रतिलिटर रु १४० पुगेको पेट्रोलको मूल्य २०७१ असारमा प्रतिलिटर १३४ रुपैयाँ ५० पैसा, २०७२ असारमा प्रतिलिटर रु १०९, २०७३ असारमा प्रतिलिटर रु ९९, २०७४ असारमा प्रतिलिटर रु ९८, २०७५ असारमा प्रतिलिटर रु ११३, २०७६ असारमा प्रतिलिटर रु १०८, २०७७ असारमा प्रतिलिटर रु १०२ र २०७८ असारमा प्रतिलिटर रु १२९ पुगेको थियो।

यस्तै डिजेल/मट्टितेलको मूल्य २०७० असारमा प्रतिलिटर रु १०९ थियो। २०७१ असारमा प्रतिलिटर १०५ रुपैयाँ ५० पैसा, २०७२ असारमा ८६ रुपैयाँ ५० पैसा, २०७३ असारमा प्रतिलिटर रु ७५, २०७४ असारमा प्रतिलिटर रु ७४, २०७५ असारमा प्रतिलिटर रु ९५, २०७६ असारमा प्रतिलिटर ९६ रुपैयाँ ५० पैसा, २०७७ असारमा प्रतिलिटर रु ८८ र २०७८ असारमा प्रतिलिटर रु ११२ रुपैयाँ थियो।

निगमले आर्थिक वर्ष २०७५/७६ मा ६ पटक, आव २०७६/७७ मा ५, आव २०७७/०७८ मा १५ र चालु आवको पछिल्लो ६ महिनामा तीनपटक पेट्रोलको मूल्य सामायोजन गरेको थियो।

**अझै साढे चार अर्ब घाटा**

पेट्रोलियम पदार्थको मूल्य समायोजन गरे पनि निगमको घाटा न्यूनीकरणमा चुनौती थपिएको छ। सञ्चित बचत सकिएको छ। मूल्य समायोजन गरे पनि इन्डियन आयल कर्पोरेसन (आइओसी) लाई भुक्तानी गर्न निगमले ऋण लिनुपर्ने बाध्यता रहेको सहप्रवक्ता पुष्कर कार्कीको भनाइ छ। प्रतिमहिना रु पाँच अर्ब ऋण लिनुपर्ने अवस्था आएको उहाँको भनाइ छ।

निगमले पेट्रोलियम पदार्थ खरिद गरेबापत प्रत्येक अङ्ग्रेजी महिनाको ८ र २३ तारिखका दिन आइओसीलाई भुक्तानी गर्दै आएको छ। अघिल्लो पटक सरकारसँग सहयोग मागेर आइओसीलाई भुक्तानी गरेका निगमका अधिकारी मुखैमा आएको किस्ता कसरी तिर्ने भन्ने चिन्तित छन्।

सञ्चित रकम र अन्य दायित्व रकम सबै पेट्रोलियम पदार्थ खरिदमा सकिएपछि निगमले गत साता सरकारसँग सहयोग मागेर आइओसीलाई भुक्तानी गरेको थियो। सरकार मातहतको मूल्य स्थिरीकरण कोषबाट समेत रु एक अर्ब ८० करोड लिएर निगमले आइओसीलाई पठाएको थियो।

इन्डियन आयल कर्पोरेसन (आइओसी)ले फेब्रुअरी १ तारिखमा नयाँ मूल्य सूची पठाएको छ। पन्ध्र दिनअघिको तुलनामा पेट्रोलियम पदार्थको मूल्य फेरि बढेर आएको छ। नयाँ मूल्य सूचीअनुसार पेट्रोलमा प्रतिलिटर चार रुपैयाँ ९२ पैसा, डिजेलमा प्रतिलिटर सात रुपैयाँ २४ पैसा, मट्टितेलमा प्रतिलिटर आठ रुपैयाँ ८० पैसा तथा हवाई इन्धनमा प्रतिलिटर सात रुपैयाँ ४८ पैसा बढेको छ। एलपी ग्यासमा प्रतिसिलिन्डर ८१ रुपैयाँ ६२ पैसा घटेको छ।

पेट्रोलियम पदार्थको मूल्य बढेको भए पनि अझै मासिक रु साढे चार अर्ब घाटा रहेको निगमले जनाएको छ। मूल्य समायोजनपछि पनि निगमलाई १५ दिनमा करिब रु दुई अर्ब २३ करोड घाटा रहेको प्रवक्ता उपाध्यायको भनाइ छ। मूल्य वृद्धिपछि पनि आगामी १५ दिनमा पेट्रोलमा रु ४३ करोड, डिजेलमा रु एक अर्ब एक करोड र एलपी ग्यासमा करिब रु एक अर्ब घाटा हुने निगमको प्रक्षेपण छ।

निगमलाई मट्टितेल तथा हवाई इन्धनमा भने सामान्य नाफा छ। पन्ध्र दिनमा मट्टितेलको बिक्रीबाट रु दुई करोड, हवाई इन्धन (आन्तरिकतर्फ) रु तीन करोड र हवाई इन्धन (बाह्यतर्फ) रु १६ करोड नाफा हुने निगमको आङ्कलन छ। डिजेल, पेट्रोल र ग्यासको उच्च घाटा मट्टितेल तथा हवाई इन्धनको बिक्रीबाट पूर्ति हुन नसक्ने निगमले जनाएको छ।

मूल्य वृद्धिपछि पनि निगमलाई पेट्रोलमा प्रतिलिटर १३ रुपैयाँ २३ पैसा, डिजेलमा प्रतिलिटर ११ रुपैयाँ १३ पैसा र एलपी ग्यासमा प्रतिसिलिन्डर ५६० रुपैयाँ नौ पैसा घाटा छ भने मट्टितेलमा प्रतिलिटर १८ रुपैयाँ १२ पैसा, आन्तरिक हवाई इन्धनमा प्रतिलिटर १० रुपैयाँ ५० पैसा र बाह्य इन्धनमा प्रतिलिटर ३२ रुपैयाँ ७२ पैसा नाफा छ।

मास्क लगाउनुहोस्
मैले लगाएको मास्कले तपाईंको सुरक्षा गर्छ

तपाईंले लगाउनुभएको मास्कले मेरो सुरक्षा गर्छ
हामी सबैको साझेदारीले मात्र हामी एक अर्कालाई बचाउन सक्छौं

मास्क लगाऔं
भौतिक दुरी कायम गरौं
बेलाबेलामा साबुनपानीले हात धोऔं
अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## विश्व समाचार

### दक्षिण सुडानमा पाँच राष्ट्रसंघीय सहायताकर्मी मारिए

जुबा १९ माघ (रासस/एएनआई)।

संयुक्त राष्ट्रसङ्घले गएको वर्ष मात्र दक्षिणी सुडानमा पाँच जना सहायताकर्मी मारिएको बताएको छ। संयुक्त राष्ट्रसङ्घले योसमेत गरी सन् २०१३ देखि दक्षिण सुडानमा १२९ सहायताकर्मी मारिएका जनाएको हो।

मंगलबार संयुक्त राष्ट्रसङ्घको मानवीय सहयतासम्बन्धी निकायले विज्ञप्ति प्रकाशन गरेर सो कुरा जानकारी गराएको हो। उक्त संयुक्त राष्ट्रसङ्घीय निकायले गत वर्षमात्र आफ्ना पाँच कर्मचारीले ज्यान गुमाएका र अरु कैयौं अपहरण गरी पछि मुक्त गरिएको जनाएको छ।

दक्षिण सुडानमा सन् २०१३ बाट हिंसा सुरु भएयता धेरै नागरिकको ज्यान गएको छ। साथै यहाँ संयुक्त राष्ट्रसङ्घको मानवीय सहायताका क्षेत्रमा कार्यरत सहायताकर्मी पनि मारिने क्रम जारी रहेको छ।

### गत वर्षमात्र नाइजेरियामा बन्दुकधारीद्वारा एक हजार १९२ को हत्या

लागोस १९ माघ (रासस/एएनआई)।

नाइजेरियामा गत वर्षमात्र बन्दुकधारीले एक हजारभन्दा बढी नागरिकको हत्या गरेका छन्। प्राप्त समाचारअनुसार यहाँका बोको हराम आतङ्ककारीले सन् २०२१ मा मात्र एक हजार १९२ को हत्या गरेका हुन्।

साथै उनीहरुले गत वर्षमात्र तीन हजार ३४८ जनालाई अपहरण गरेका थिए। यीमध्ये नाइजेरियाको उत्तर पश्चिमी क्षेत्र कादुनाका बढी नागरिक शिकार भएका हुन्। कादुना प्रान्तको प्रान्तीय सरकारले मंगलबार सो सम्बन्धी रिपोर्ट प्रकाशन गरेको हो। साथै गतवर्ष मात्र यहाँका ८९१ घाइते भएका छन्। उनीहरुलाई पनि आतङ्ककारीले गोली हानी घाइते बनाएका हुन्।

### भारतमा थप एक लाख ६१ सङ्क्रमित, १७ सयको मृत्यु

नयाँदिल्ली, १९ माघ (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट पछिल्लो एक दिनमा थप एक लाख ६१ हजार ३८६ जना सङ्क्रमित भएका छन्। सरकारी अधिकारीले बुधबार दिएको जानकारीअनुसार सोही अवधिमा कोरोनाकै कारण अरु एक हजार ७३३ जनाको मृत्यु भएको छ। जबकी अघिल्लो दिन नयाँ सङ्क्रमितको सङ्ख्या एक लाख ६७ हजार ५९ पुगेको अधिकारीले जानकारी दिएका छन्।

सङ्घीय स्वास्थ्य मन्त्रालयले पछिल्ला केही दिनदेखि दैनिक सङ्क्रमित र मृतकको सङ्ख्या निरन्तर घट्दै गइरहेको जनाएको छ। भारतमा अहिलेसम्म कोरोना भाइरसबाट सङ्क्रमितको सङ्ख्या चार करोड १६ लाख ३० हजार ८८५ पुगेको छ।

त्यसैगरी अहिलेसम्म कुल मृतकको सङ्ख्या चार लाख ९७ हजार ९७५ पुगेको पनि अधिकारीले जानकारी दिएका छन्। भारतमा अहिले पनि सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या १६ लाख २१ हजार ६०३ रहेको मन्त्रालयले जनाएको छ। यो सङ्ख्या पनि दिनप्रति दिन घट्दै गइरहेको छ।

एउटै अवधिमा नयाँ सङ्क्रमितको सङ्ख्या भन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै भएकाले सक्रिय सङ्क्रमितको सङ्ख्या घट्दै गइरहेको छ। भारतमा पछिल्लो एक दिनमा दुई लाख ८१ हजार १०९ कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन्।

### दक्षिण कोरियामा दैनिक सङ्क्रमितको संख्या अहिलेसम्मकै धेरै

सोल, १९ माघ (रासस/सिन्ह्वा)।

दक्षिण कोरियामा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितको सङ्ख्या अहिलेसम्मकै सबैभन्दा धेरै भएको छ।सरकारी अधिकारीले बुधबार दिएको जानकारीनुसार पछिल्लो एक दिनमा दक्षिण कोरियामा २० हजार २७० नयाँ सङ्क्रमित भएका हुन्। कोरोनाभाइरसको नयाँ भेरियन्टको रुपमा देखिएको ओमिक्रोनको सङ्क्रमण तीव्ररुपमा फैलिएकाले दैनिक सङ्क्रमितको सङ्ख्या अहिलेसम्मकै धेरै भएको जनाइएको छ।

यसअघि एक दिनमा १८ हजार ३४२ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएको विवरण सार्वजनिक गरिएको थियो। दैनिक सङ्क्रमितको सङ्ख्या २० हजार नाघेको बुधबार पहिलो पटक हो। दक्षिण कोरियामा कोरोनाभाइरसबाट अहिलेसम्म सङ्क्रमितको कुल सङ्ख्या आठ लाख ८४ हजार ३१० पुगेको छ। नयाँ सङ्क्रमितमध्ये चार हजार १८६ राजधानी सोलमै भेटिएका हुन्। भाइरसको फैलावट ग्रामिण क्षेत्रमा पनि धेरै भएको अधिकारीले जनाएका छन्।

अहिले सङ्क्रमित अवस्थामै रहेकामध्ये २७८को अवस्था गम्भीर रहेको र उनीहरुको उपचार भइरहेको जनाइएको छ। कोरियामा पछिल्लो एक दिनमा कोरोनाका कारण १५को मृत्यु भएको छ। योसँगै अहिलेसम्म कूल मृतकको सङ्ख्या छ हजार ७८७ पुगेको छ।

# व्यवस्थापन समितिको निर्वाचन नगराएको भन्दै अनिश्चितकालिन अनसन जारि




**दैनिक समाचारदाता**
**राजविराज, १९ माघ ।**

विद्यालय व्यवस्थापन समितिको निर्वाचन गराएको भन्दै सप्तरीको डाक्नेश्वरी नगरपालिका ९ महुकी पत्थरगाडास्थित एसएलपी माध्यमिक विद्यालयका अभिभावकहरुले बुधबार पनि रिले अनसनलाई निरन्तरता दिएका छन् ।

विद्यालय व्यवस्थापन समितिको कार्यकाल सकेको दुई वर्षभन्दा बढी भइसक्दा पनि निर्वाचन नगराएको भन्दै उनीहरु मंगलबारदेखी अनिश्चितकालिन रिले अनसनमा बसेका हुन् ।

बुधबार सिता देवी मंडल, सियाराम यादव, बिरेन्द्र दास, असोक सदा र भुटाइ मंडल रिले अनसनमा बसेका छन् । उनीहरुले चुनावको मिति घोषणा नगरेसम्म रिले अनसनलाई निरन्तरता दिने अडान लिएका छन् ।

सो विद्यालयमा २०७३ सालमा विद्यालय व्यवस्थापन समितिको निर्वाचन सम्पन्न भएको थियो । तीन वर्ष कार्यकाल रहेपनि पाँच वर्ष बित्न लाग्दा पनि निर्वाचन गर्न आलटाल गरेको स्थानिय अभिभावकको आरोप छ ।

यसअघि पटक पटक भएको अभिभावक भेलाबाट समयमै सहमतिबाट नभए निर्वाचन प्रक्रियाबाट व्यवस्थापन समिति गठन गर्नु पर्ने समभ्कदारी भएपनि कार्यान्वयन हुन नसक्दा बाध्य भई अनिश्चितकालिन रिले अनसन सुरु गरेको स्थानिय अभिभावकहरुको भनाई छ । विद्यालय प्रशासन र नगरपालिका समेत निर्वाचन गराउन उदासिन रहेको उनीहरुको आरोप छ ।

यता विद्यालयका प्रधानाध्यापक देबु यादवले कोरोनाका कारण विद्यालय व्यवस्थापन समितिको निर्वाचन समयमै गराउन नसकिएको बताए । विगत लामो समयदेखी कोरोनाको प्रभावका कारण पटक पटक विद्यालय बन्द गर्नु परेको अवस्थामा कोरोनाको जोखिम कम हुने बितिक्कै नगरपालिका, जिल्ला शिक्षा विकास तथा समन्वय इकाई, विद्यालय निरिक्षक र स्थानिय प्रशासनसँग अनुमति लिई छिट्टै निर्वाचन सम्पन्न गर्ने आफ्नो योजना रहेको सुनाए ।

## *कोरोना निको ...*

यस्तै कोरोनाको तेश्रो लहरमा कुल ३ सय ७३ जनामा संक्रमण पुष्टि भएको छ भने १ सय १ जना निको, ५ जनाको मृत्यु र बाँकी २ सय ६७ जना होम आइसोलेशनमा रहेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

# विगत २४ घण्टामा १२ जनाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १९ माघ ।**

नेपालमा कोरोना संक्रमणबाट विगत २४ घण्टामा १२ जनाको मृत्यु भएको छ । यस्तै पछिल्लो २४ घण्टामा थप ३ हजार ६३७ जनामा कोभिड-१९ को संक्रमण पुष्टि भएको छ ।

स्वास्थ्य मन्त्रालयका अनुसार ६ हजार ४९९ जनाको पीसीआर परीक्षण गर्दा २ हजार २०५ जना र ५ हजार ८३ जनाको एन्टीजेन परीक्षण गर्दा १ हजार ४३२ जना गरी कुल ३ हजार ६३७ जनामा कोरोना संक्रमण पुष्टि भएको हो ।

हाल देशभरमा ६९ हजार २९१ सक्रिय संक्रमित छन् भने ७ हजार ५५५ जना संक्रमणमुक्त भएका छन् ।

बुधबार थपिएसँगै नेपालमा कोरोना संक्रमितको कूल संख्या १० लाख ९१ हजार ८८८ पुगेको छ । यस्तै नेपाल मृत्यु हुनेको संख्या ११ हजार ७६४ पुगेको छ भने ८ लाख ७८ हजार ७२० जना संक्रमणमुक्त भएका छन् ।

मन्त्रालयका अनुसार हाल ६७ हजार ८२५ जना होम आइसोलेसनमा रहेका छन् भने १ हजार ४६६ जना संस्थागत आइसोलेसनमा रहेका छन् । कोरोनाका बिरामीमध्ये २७० जना आईसीयू र ५२ जना भेन्टिलेटरमा उपचाररत् छन् ।

यस्तै १० वर्ष मुनिका ६४ बालबालिकामा कोरोना संक्रमण पुष्टि भएको छ भने ११ देखि २० वर्ष उमेर समूहका १११ जना कोरोना संक्रमित थपिएका छन् ।

# पत्रकारको स्वास्थ्य बिमासम्बन्धी मापदण्ड तय गर्न समिति गठन

जनकपुर, १९ माघ (रासस) ।


मधेस प्रदेशअन्तर्गतको आमसञ्चार प्राधिकरणले पत्रकारको स्वास्थ्य बिमासम्बन्धी मापदण्ड निर्धारण गर्न समिति गठन गरेको छ । प्राधिकरणले पत्रकारको स्वास्थ्य बिमा गर्ने सम्बन्धमा सरोकारवालासँग छलफल गरी १९ सदस्यीय मापदण्ड निर्धारण समिति गठन गरेको हो ।

समितिको सदस्यमा नेपाल पत्रकार महासङ्घ मधेस प्रदेश समितिका अध्यक्ष, प्रदेशका आठवटै जिल्लाका पत्रकार महासङ्घ शाखाका अध्यक्ष वा प्रतिनिधि, सामुदायिक रेडियो प्रसारक सङ्घ, व्यावसायिक रेडियो, टेलिभिजनका प्रतिनिधि, आमसञ्चार प्राधिकरणका प्रशासकीय अधिकृत, मिडिया काउन्सिलका प्रशासकीय अधिकृत र दुई वरिष्ठ पत्रकारलाई राखिएको आमसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवले जानकारी दिनुभयो ।

यस्तै सो समितिमा आमसञ्चार प्राधिकरणका अध्यक्ष यादव र मिडिया काउन्सिलका अध्यक्ष शिवहरि भट्टराईलाई आमन्त्रित सदस्यका रूपमा राखिएको जनाएको छ ।

आमसञ्चार प्राधिकरणले प्रदेशभरिका पत्रकारका लागि रु सात लाखको स्वास्थ्य बिमा गराउने तयारी गरेको छ । प्राधिकरणका अध्यक्ष यादवका अनुसार उक्त बिमामा स्वास्थ्यका साथै पत्रकारको दुर्घटना बिमा पनि समावेश गरिने छ ।

पत्रकार अस्वस्थ्य भएमा या दुर्घटनामा परेमा रु एक लाखसम्मको खर्च बिमाबाट व्यहोरिने र पत्रकार अशक्त भएमा या मृत्यु भएमा रु सात लाख प्रदान गरिने गरी बिमा गर्न लागिएको अध्यक्ष यादवले बताउनुभयो ।


अनुरोधकर्ता : बलान बिहुल गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

**भ्रष्टाचार कानूनी, सामाजिक र नैतिक अपराध हो ।**

त्यसैले

- कसैले नाजायज फाईदा लिन दिन खोजेमा,
- अनुचित दवाव श्रृजना गरी गैरकानूनी लाभ लिने दिने गरेमा,
- कुनै काम गरिदिने वा नगरिदिने नाममा गैरकानूनी लाभ लिन दिन खोजेमा,
- गैरकानूनी सम्पत्ति जम्मा गरेको पाईएमा,

त्यस्तो कार्य भ्रष्टाचारजन्य कार्य हो ।

त्यस्ता कार्यमा संलग्न व्यक्ति वा संस्थाको बारेमा तत्काल अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा स्थानीय प्रशासनलाई खवर गरौं ।

भ्रष्टाचारमुक्त समाजको निर्माणमा पहल गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*